दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २६५ | बुटवल | २०८३ असोज २५ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday October 11, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र होइन पु-याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# डेंगु नियन्त्रण गर्न नवलपरासीमा लामखुट्टेको बासस्थान खोज्दै नष्ट गरिँदै

## नवलपरासीमा यस आर्थिक वर्षमा ७८ जनामा डेंगु पोजेटिभ बिरामी भेटिएका छन् ।



**गौरीशंकर जयसवाल**

*परासी*

डेंगी संक्रमणको जोखिम न्यूनीकरण गर्न पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाले लामखुट्टेको बासस्थान खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गरेको छ ।

गाउँपालिकाले सचेतनामूलक ऱ्यालीसँगै विभिन्न स्थानमा अभियान सञ्चालन गर्दै डेंगी नियन्त्रणका लागि समुदायस्तरमा सक्रियता बढाएको हो । डेंगी रोग फैलाउने लामखुट्टेको वृद्धि रोक्ने र नागरिकमा रोग रोकथामसम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

अभियानअन्तर्गत लामखुट्टेले अण्डा पार्न सक्ने तथा लार्भा हुर्कन सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता वासस्थान नष्ट गर्ने कार्य गरिएको पाल्हीनन्दन गाउँपालिका स्वास्थ्य शाखा प्रमुख हरिशंकर गुप्ताले जानकारी दिए ।

डेंगी नियन्त्रणका लागि सरकारी अभियान सञ्चालन गर्ने कार्य मात्र पर्याप्त नहुने भएकाले घरआँगन तथा वरपर पानी जम्न नदिने, पानी जम्मा हुने भाँडाकुँडा खाली गर्ने र नियमित सरसफाइमा ध्यान दिनुपर्ने सन्देश अभियानमार्फत् प्रवाह गरिएको गुप्ताले बताए ।

कार्यक्रममा स्वास्थ्य कार्यालय नवलपरासीका वरिष्ठ मलेरिया निरीक्षक देवीलाल पौडेलले सहजीकरण गर्दै डेंगी नियन्त्रणका उपाय तथा लामखुट्टेको बासस्थान खोजी र नष्ट गर्ने अभियानको महत्वबारे जानकारी दिएका थिए । उनले जिल्लामा यस आर्थिक वर्षमा ७८ जनामा डेंगी पोजेटिभ देखिए जानकारी दिए ।

गाउँपालिकाकी कार्यवाहक उपाध्यक्ष अनामिका हरिजनले डेंगी नियन्त्रणमा नागरिकको व्यवहार परिवर्तन र नियमित सरसफाइ महत्वपूर्ण हुनेमा जोड दिइन् । पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष गोधन हरिजन, सशस्त्र प्रहरी उपरीक्षक गोविन्द खातीलगायतले डेंगी नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

पश्चिम नवलपरासीमा जिल्लामा यस आर्थिक वर्षमा ७८ जनामा डेंगु पोजेटिभ बिरामी भेटिएका छन् । जिल्लामा गत वर्ष ३५३ जना डेगु रोग बिरामी भेटिएको स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ । आर्थिक वर्षमा २०८३/०८४हालसम्म जिल्लामा ७८ जनामा डेंगी पोजेटिभ बिरामी देखिएको छ ।

पालिकागत तथ्याङ्कअनुसार रामग्राम नगर पालिकामा गतबर्ष २ सय ५८ जना र आर्थि वर्ष २०८३/०८४ हालसम्म १६ जना,बर्दघाट नगरपालिकामा गत वर्ष ७७ जना र यस वर्ष ६० जना बिरामी भेटिएको स्वास्थ्य कार्यालय नवलपरासीका वरिष्ठ मलेरिया निरीक्षक देवीलाल पौडेलले जानकारी दिए ।

उनले सुनवल नगरपालिका गत वर्षमा ३ जना र यस वर्ष डेंगु रोगका बिरामी नभेटिएको र सुस्तामा भने गत वर्ष र यस वर्षमा डेंगु रोगका बिरामी नदेखिएको जानकारी दिए ।

त्यस्तै प्रतापपुर गाउँपालिकामा गर्ष वर्ष ११ जना र यस वर्षमा १ जना डेंगु रोगका बिरामी भेटिएका छन् भने पाल्हीनन्दन गाउँपालिकामा गत वर्ष बिरामी नभेटिएको, तर यस वर्षमा १ जना डेंगुरोगी बिरामी भेटिएको र सरावल गाउँपालिकामा गत वर्ष ४ जना र यस वर्ष डेंगु रोगका बिरामी नभेटिएको स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ ।






# बुटवल उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चुन्न भोलि मतदान

बुटवल । बुटवल उद्योग वाणिज्य संघको नयाँ कार्यसमिति चयनका लागि भोलि सोमबार उम्मेद्वारी दर्ता भएको छ । संघको ७३औं वार्षिक साधारण सभा तथा २६ औं अधिवेशन अन्तरगत आगामी ३ वर्षे कार्यकालको लागि उम्मेदवारी दर्ता भएको हो ।

संघको नयाँ कार्यसमिति चयनका लागि यहि असोज २६ गते निर्वाचन हुँदैछ । जसका लागि अध्यक्ष पदमा २ जनाको उम्मेदवारी परेको छ । संघको अध्यक्ष पदमा टंकप्रसाद गैरे र नरिश्वर शर्मा पौडेलको उम्मेदवारी परेको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता बाबुराम पाण्डेले जानकारी दिए । अध्यक्षमा उम्मेदवारी दिएका गैरे मौजुदा समितिका वरिष्ठ उपाध्यक्ष हुन् भने पौडेल संघका पूर्व वाणिज्य उपाध्यक्ष एवं मौजुदा समितिका कार्यसमिति सदस्य हुन् ।

त्यसैगरी वरिष्ठ उपाध्यक्षका लागि पनि दुई जनाको उम्मेदवारी परेको छ । वरिष्ठ उपाध्यक्ष पदमा बिमलराज भट्टराई र सुरज भट्टराईको उम्मेदवारी परेको छ । वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी दिएका विमलराज मौजुदा समितिको वाणिज्य उपाध्यक्ष र सुरज मौजुदा समितिका उद्योग उपाध्यक्ष हुन् ।

त्यसैगरी उद्योग उपाध्यक्षमा दिनेश श्रेष्ठ र निर्मित कसजुको उम्मेदवारी परेको छ । त्यसै वाणिज्य उपाध्यक्षमा बाबुराम विश्वकर्मा र मुक्तिप्रसाद अधिकारीको उम्मेदवारी परेको छ ।

महासचिव पदमा बसन्तप्रसाद ढकाल र जमुना पौडेलको उम्मेदवारी परेको छ । त्यस्तै कोषाध्यक्ष पदमा प्रतिक पोखरेल (शर्मा) र टिकाराम वञ्जाडेको उम्मेदवारी परेको छ । सचिव पदमा दिपकप्रसाद चापागाईं र काशिराम शर्मा पौडेल तथा सहकोषाध्यक्ष पदमा जाकिर हुसेन र कमला पोख्रेल शर्मा पराजुलीको उम्मेदवारी परेको छ ।

संघको कार्यसमिति सदस्यमा एशोसियट तर्फबाट एक पदका लागि दुई जनाको उम्मेदवारी परेको छ । एशोसियट कार्यसमिति सदस्य पदमा बालकृष्ण पौडेल र भुनभक्त खत्री (भानु)को उम्मेदवारी परेको छ ।

४ उद्योग सदस्य पदमा ८ जनाको उम्मेदवारी परेको छ । उद्योग सदस्य पदका लागि दिपक बास्तोला, गोपाल टण्डन, ज्ञानबहादुर पुन, ज्ञानप्रसाद खनाल, कृष्णप्रसाद पाण्डेय, प्रविन्द्र गोविन्द श्रेष्ठ, लेखनाथ भण्डारी, सुनिता शर्मा वञ्जाडेको उम्मेदवारी परेको छ । त्यस्तै ४ वाणिज्य सदस्य पदमा पनि ८ जनाको उम्मेदवारी परेको छ । वाणिज्य सदस्य पदमा गणेशप्रसाद भट्टराई, धर्मेन्द्रकुमार कशौधन, मनिषकुमार हेजू (पुट्टे), मिलनकुमार भारी, राजेश भट्टराई, रामबहादुर भण्डारी, सुनिता गिरी र उमेश अमात्यको उम्मेदवारी परेको छ ।

त्यसैगरी ७ खुल्ला कार्यसमिति सदस्य पदमा १४ जनाको उम्मेदवारी परेको छ । खुल्लाबाट कार्यसमिति सदस्य पदमा अलिम दिन, विजयकुमार वर्णवाल, विष्णु घिमिरे पन्थ (कमला), विष्णु उपाध्याय, दिपक घिमिरे, गणेशप्रसाद सेढाई, गोपालप्रसाद बस्याल, सुनिता अर्याल, जनककुमार श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ (कुलप्रसाद), प्रदिप शाक्य, शिवदेव अर्याल, सुशिलप्रसाद श्रेष्ठ र ठाकुर घिमिरेको उम्मेदवारी परेको छ ।

२ महिला सदस्य पदमा ४ जनाको उम्मेदवारी परेको छ । महिला कार्यसमिति सदस्य पदमा मञ्जु पुरी गिरी, रेनु श्रेष्ठ, सुस्मा केसी र सुकमाया श्रेष्ठ ध्वजु (सीता)को उम्मेदवारी परेको हो ।


## डेंगु लगायत किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र लार्भा नष्ट गरौं अभियान

### डेंगु रोग सम्बन्धी जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।

- उच्च ज्वरो आउनु ।
- आँखा र टाउकाको पछाडीको भाग दुख्नु ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्नु ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।



डेंगु संक्रमणबाट बच्ने एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो । त्यसैले डेंगुबाट बच्न तलका उपायहरु अपनाऔं ।

- लामखुट्टेको वृद्धि बिकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने स्थान पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने ।
- सधैं झुल टाँगेर सुत्न ।
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने ।
- घरको झ्याल ढोकामा जाली हाल्ने ।
- सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गरौं ।
- घर पालुवा पशुपंक्षी व्यबस्थित ढंगले पालौ ।
- डेंगुका लक्षण देखिएमा तत्काल स्वाथ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

अनुरोधक
पाल्हिनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलासपुर नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल





दैनिक लुम्बिनी

## सम्पादकीय

# आर्थिक पुनःउत्थानमुखी कार्यक्रम ल्याऊ

विपत व्यवस्थापन भन्ने बित्तिकै राहत, उद्दार, पुनःस्थापना मात्रै होइन्, नागरिकको दिनचर्या लयमा अघि बढाउनु हो । जीविकोपार्जन सहज बनाउनु हो । जीविकोपार्जनको साधनलाई कामयाव र तन्दुरूस्त बनाउनु हो । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको द्रुत क्षति तथा आवश्यकता मूल्यांकन (आरडीएनए) अनुसार, बाढीबाट ४ खर्ब ८ अर्ब २८ करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ। ७ हजार ५ सय ७० निजी घरमा क्षति पुगेको छ, ६९ किलोमिटर सडक र ३७ वटा मोटरेबल पुल प्रभावित भएका छन्, जसमध्ये ३३ वटा पुल बगेका छन्। ७ सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना प्रभावित भएका छन्। यसबाट ऊर्जा क्षेत्रमा करिब १ खर्ब ५१ अर्ब रुपैयाँ बराबरको क्षति तथा नोक्सानी आँकलन गरिएको छ। यो क्षति अकल्पनीय हो । प्रभावितलाई पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणका लागि ७ खर्ब २३ अर्ब ३१ करोड रुपैयाँ चाहिने सरकारी आँकडा छ । सीमित वित्तीय स्रोत भएको मुलुकको अर्थतन्त्रले यति ठूलो पुनर्निर्माणको भार कसरी धान्ने र त्यससँगै आर्थिक गतिविधिलाई कसरी पुनः गतिशील बनाउने भन्ने प्रश्न छ। केरूङ नाका मुलुकको उत्तरी छिमेकी चीन जोड्ने महत्वपूर्ण नाका हो । त्यो नाकाको सञ्चालनबाट श्रृजना भएको अवसर सीमित दायरामा नभई फराकिलो दायरामा थियो ।

तत्कालका लागि यो नाका पूर्ववत अवस्थामा फर्काउन कठिन छ, तर अर्थतन्त्रलाई शिथिल हुनबाट जोगाउने उपाय भनेको पर्यटन प्रवर्द्धनको कार्यक्रम अघि सार्नु हो। आन्तरिक र बाह्य पर्यटक आगमन बढाउने कार्यक्रम चलाउने हो भने अर्थतन्त्र शिथिल हुन जोगिन सक्छ। रसुवा बाढीपछि नेपाल असुरक्षित छ भन्ने सन्देश प्रवाह भएकाले त्यो सन्देशलाई चिर्न सक्दा नेपालमा पर्यटक आगमन बढाउन सकिन्छ । पोखरा र भैरहवास्थित गौतम बुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित गर्न सके यहाँ पर्यटक बढाउन सकिन्छ। पर्यटकले खानेकुराको उत्पादन स्वदेशमै गर्न सक्दा पुँजी विदेशिनबाट जोगिन्छ, तर हामी कहाँ आत्मनिर्भर अर्थतन्त्र विकास चुनौतीपूर्ण छ। अहिले पर्यटनमा भइरहेको अर्बौंको लगानीलाई आडभरोसा दिनका लागि पनि सरकारले पर्यटन प्रवर्द्धनका लागि अभियानमुखी कार्यक्रम चलाउनुपर्छ। सन् २०२५ सम्म वर्षेनी १० लाख पर्यटक आगमन गराउने भने पनि लक्ष्य पुग्न कठिन भइरहेको बेला यो राम्रो अवसर हो । विपत् व्यवस्थापनमा जसरी ध्यान दिनुपर्ने छ, आर्थिक पुनःउत्थानका लागि पनि योजनाबद्ध कार्यक्रम ल्याउन ढिलाइ गर्न हुन्न ।

# बगरबाट उठ्ने संकल्प



इन्द्रप्रसाद गोतामे(जगतङ्ग)



गत भदौ १० गते रसुवाको हिमाली तथा पहाडी क्षेत्रमा आएको विनाशकारी हिमसुनामी र जलप्रलयले भूगोलमात्र क्षतविक्षत पारेन राष्ट्रलाई नै स्तब्ध बनायो । भोटेकोसी र त्रिशूली नदीको तटीय क्षेत्रमा मानव बस्ती विस्तार भएयता यति ठूलो र त्रासदीपूर्ण विनाश कहिल्यै भएको थिएन । रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र तनहुँमात्र होइन सिङ्गो मुलुक नै आज अभूतपूर्व शोक र सङ्कटको घडीमा उभिएको छ।

रसुवागढी, टिमुरे, स्याफ्रुबेँसी, खाल्टे, उत्तरगया धाम, वेत्रावती, त्रिशूली, देवीघाट, देवघाट, गोलाघाट हुँदै त्रिवेणी धाम र वाल्मीकि आश्रमसम्म फैलिएका पौराणिक तथा धार्मिक धरोहर, पुर्खाको पसिनाले सिञ्चित नदी सभ्यता र सांस्कृतिक पहिचान क्षणभरमै बगरमा परिणत भएका छन्।

विपत्तिको यथार्थ विवरण भयावह छ । बाढीमा परेका १ हजार ४०० भन्दा बढी नागरिकको शव फेला परिसकेको छ भने ५ हजार १३५ भन्दा बढी अझै बेपत्ता छन् । यस सङ्कटमा ३५ देशका ६०० भन्दा बढी विदेशी नागरिकसमेत परेका छन्।

भौतिक तथा आर्थिक क्षतिको प्रारम्भिक विवरण पनि उत्तिकै भयावह छ। नुवाकोटका ३ हजार ९७७, रसुवाका १ हजार ७७९, धादिङका १ हजार ४५१, गोरखाका २६३ र चितवनका १०० गरी ७ हजार ५७० निजी घर ध्वस्त भएका छन्। घरभित्रको नगद र गहनासहित रु. ९५ अर्ब ८२ करोड बराबरको निजी सम्पत्ति नष्ट भएको छ। अन्य क्षतिको विवरण आउन बाँकी नै छ।

पूर्वाधार र ऊर्जातर्फ ६९ किलोमिटर पक्की सडक, ३३ पक्की पुल, ५३ झोलुङ्गे पुल र ६५ टेलिकम टावर बगेका छन्। ७५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना र २४ मेगावाटको सौर्य केन्द्रमा क्षति पुग्दा ऊर्जा क्षेत्रमा मात्रै रु. ३ खर्ब ९० अर्बभन्दा बढीको नोक्सानी भएको प्रारम्भिक अनुमान छ।

कृषि तथा पर्यटन क्षेत्रमा पनि ठूलो क्षति भएको छ। २ लाख ५२ हजारभन्दा बढी पशुचौपाया नष्ट हुँदा रु. १ अर्ब ११ करोड बराबरको पशुधन क्षति भएको छ। १,६६७ हेक्टर धानखेत र १३७ हेक्टर तरकारीबाली नष्ट भएका छन्।

४,८०० व्यावसायिक प्रतिष्ठान, १,८०० उद्योग, १४२ होटल, ५७ रेस्टुरेन्ट, २७ मन्दिर, दुई मस्जिद तथा दर्जनौँ गुम्बा स्तूपमा क्षति पुगेको छ। पर्यटन क्षेत्रमा मात्रै रु. ५० देखि ५२ अर्बसम्मको क्षति भएको अनुमान छ । दर्जनौँ सरकारी कार्यालय र विद्यालय पनि ध्वस्त भएका छन्।

राष्ट्रिय योजना आयोग र विपद् जोखिम न्यूनीकरण प्राधिकरणको प्रारम्भिक अध्ययनअनुसार कुल क्षति रु. ११ खर्ब पुगेको छ। ध्वस्त संरचनाको पुनर्निर्माणका लागि मात्रै रु. ७ खर्ब २३ अर्बभन्दा बढी लाग्ने अनुमान छ।

यस महाविपत्तिमा ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै जीवित र बेपत्ता परिवारका आँसु पुछ्ने दायित्व राज्यको हो । बेपत्ता नागरिकका आफन्तको स्वघोषणाका आधारमा कानुनी रूपमा मृत्यु दर्ता गरी बीमा, क्षतिपूर्ति र राहत उपलब्ध गराउने प्रक्रियालाई तत्काल सरल बनाउनुपर्छ।

यो सङ्कट आरोप प्रत्यारोप र राजनीतिक खिचातानीको समय होइन । यो त हातेमालो गर्दै बगरबाट फेरि सभ्यता उठाउने समय हो । त्यसका लागि तत्काल सहायता, दीर्घकालीन पुनःस्थापना र सुरक्षित पूर्वाधार निर्माणलाई जोडेर स्पष्ट कार्ययोजना आवश्यक छ।

**तत्कालको प्राथमिकता – सहायता र पुनरुत्थान**

घरबारविहीन ७ हजार ५०० भन्दा बढी परिवारका लागि सहायतापछि तुरुन्तै प्रभावित क्षेत्रमै मापदण्डअनुसार अस्थायी आवास निर्माण गर्नुपर्छ। पीडितसँग परामर्श गरी उनीहरूले रोजेको सुरक्षित स्थानमा सरकारी, विद्यालय वा सार्वजनिक जग्गा प्रयोग गर्नुपर्छ । सम्भव भएसम्म एउटै समुदाय र पुराना छिमेकीलाई एकै ठाउँमा राखेर सामाजिक सम्बन्ध र भावनात्मक आधार जोगाउनुपर्छ।

अस्थायी शिविरमा खानेपानी, शौचालय, सुरक्षा, विद्युत्, इन्टरनेट र बालबालिकाका लागि सुरक्षित स्थानको व्यवस्था हुनुपर्छ । ध्वस्त स्वास्थ्य संस्थाको विकल्पमा टेलिमेडिसिनसहितको द्रुत स्वास्थ्य प्रतिक्रिया टोली परिचालन गर्नुपर्छ।

अभिभावक वा घरबार गुमाएका बालबालिकालाई कम्तीमा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनुपर्छ। जोखिमयुक्त क्षेत्रका विद्यार्थीका लागि सुरक्षित स्थानमा आवासीय विद्यालयको व्यवस्था गर्न सकिन्छ । शिविरमा रहेका प्रभावित नागरिकका लागि मनोसामाजिक परामर्श तत्काल सञ्चालन गर्नुपर्छ।

सडक सम्पर्क विच्छेद भएका बस्तीलाई बेलिब्रिज, झोलुङ्गे पुल र वैकल्पिक मार्गमार्फत् बजार तथा सेवा केन्द्रसँग जोड्नु पहिलो प्राथमिकता हुनुपर्छ।

विपत्तिमा ज्यान गुमाएका सेना, प्रहरी, सशस्त्र प्रहरी, निजामती कर्मचारी, शिक्षक, बैंक तथा जलविद्युत् क्षेत्रका कर्मचारी, श्रमिक र सवारीचालक ।, सहचालकका परिवारलाई उचित क्षतिपूर्ति, रोजगारी वा दीर्घकालीन सामाजिक सुरक्षाको कानुनी व्यवस्था गर्नुपर्छ।

**दीर्घकालीन पुनःस्थापना र आर्थिक पुनरुत्थान**

नदीतटीय तथा उच्च जोखिमयुक्त क्षेत्रमा नयाँ स्थायी बस्ती बसाल्न रोक लगाउँदै जोखिममा रहेका बस्तीलाई नजिकका सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्छ। देवीघाट, ढुङ्गे, त्रिशूली, भैँसे, तुप्चे र वेत्रावतीलगायत नदीतटीय क्षेत्रका साथै खाल्टे, सल्लेरी, मैलुङ, गुम्चेत, स्याफ्रुबेँसी, टिमुरे र रसुवागढीजस्ता जोखिमयुक्त बस्तीको वैज्ञानिक जोखिम मूल्याङ्कन गरी पुनर्स्थापनाको योजना बनाउनुपर्छ।

भोटेकोसी र त्रिशूलीको बाढीबाट प्रभावित तल्लो तटीय क्षेत्रमा पनि जोखिम मूल्याङ्कन गरी आवश्यकतानुसार तटबन्ध, नदी नियन्त्रण र सुरक्षित पुनर्स्थापनाको व्यवस्था गर्नुपर्छ।

घर र खेतीयोग्य जमिन गुमाएका किसानलाई उपयुक्त सरकारी वा सार्वजनिक जग्गामा पुनर्स्थापित गर्नुपर्छ। बालुवा गिट्टीले पुरिएका खेतीयोग्य जमिन सफा गरी पुनः उत्पादनमा फर्काउन राज्यले प्रोत्साहन अनुदान दिनुपर्छ।

पूर्णरूपमा खेतीका लागि अयोग्य बनेका जमिनको वैकल्पिक उपयोगका लागि स्थानीय समुदायको हित, वातावरणीय मापदण्ड र कानुनी प्रक्रियालाई ध्यानमा राखी उपयुक्त नीति बनाउन सकिन्छ।

बाढी प्रभावित ऋणीका लागि ऋण पुनर्संरचना, ब्याजमा सहुलियत र भुक्तानी अवधि थप्ने व्यवस्था गर्नुपर्छ। क्षतिग्रस्त उद्योग व्यवसाय पुनः सञ्चालनका लागि सहुलियतपूर्ण पुनरुत्थान कर्जा उपलब्ध गराउनुपर्छ। प्रभावित क्षेत्रमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्दा पीडित परिवारलाई रोजगारीमा प्राथमिकता दिनुपर्छ।

रसुवागढी सीमा नाकाको दीर्घकालीन सुरक्षा र सञ्चालनका लागि जोखिमको पुनर्मूल्याङ्कन गरी सुरक्षित पूर्वाधार निर्माण वा आवश्यक परे वैकल्पिक स्थानको सम्भाव्यता अध्ययन गर्नुपर्छ । यसका लागि चीनसँग कूटनीतिक पहल आवश्यक छ।

देवघाट, देवीघाट, त्रिशूली र बेत्रावतीजस्ता धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षणसँगै पुनर्निर्माण गर्नुपर्छ । स्याफ्रुबेँसी, टिमुरे र रसुवागढी क्षेत्रलाई ऐतिहासिक, सामरिक र पर्यटकीय दृष्टिले एकीकृत योजनाअन्तर्गत पुनर्जीवित गर्नुपर्छ।

**सुरक्षित पूर्वाधार र जलविद्युत्को नयाँ कार्यदिशा**

हिमाली क्षेत्र र हिमतालको निरन्तर अनुगमनका लागि भूउपग्रह तथा अन्य आधुनिक प्रविधि प्रयोग गर्नुपर्छ । जोखिमयुक्त तटीय क्षेत्रमा साइरन, मोबाइल अलर्ट र अन्य माध्यमसहितको वैज्ञानिक पूर्वसूचना प्रणाली जडान गर्नुपर्छ। बाढीको उच्चतम सतह र भूगोललाई ध्यानमा राखेर राजमार्ग तथा अन्य पूर्वाधारको सुरक्षित स्थान निर्धारण गर्नुपर्छ।

जलविद्युत् आयोजनाका लागि हिमाली भूगोलअनुकूल नयाँ सुरक्षा मापदण्ड आवश्यक छ । सम्भव भएसम्म विद्युत्गृहलाई भूमिगत बनाउने, आपत्कालीन निकास र वैकल्पिक सञ्चार प्रणाली अनिवार्य गर्ने तथा बाढी, पहिरो र लेदोको जोखिमलाई आयोजनाको डिजाइनमै समेट्ने नीति लिनुपर्छ।

विद्युत्गृहमा आकस्मिक अवस्थाका लागि खाद्यान्न, अक्सिजन, ब्याट्री ब्याकअप र वैकल्पिक सञ्चार प्रणालीको व्यवस्था हुनुपर्छ । स्वचालित सञ्चालन प्रणाली र आपत्कालीन बन्द गर्ने प्रविधि पनि अनिवार्य गरिनुपर्छ।

जलविद्युत् आयोजनाको अनुमतिपत्र, वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान र जग्गा प्राप्तिमा देखिएका झन्झट हटाउन प्रभावकारी 'एकद्वार प्रणाली' लागू गर्नुपर्छ। प्रक्रियालाई सरल र समयबद्ध बनाएर आयोजनाको निर्माण शीघ्र सुरु हुने वातावरण बनाउनुपर्छ।

**जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय आह्वान**

विश्वव्यापी तापक्रम वृद्धि र कार्बन उत्सर्जनमा नेपालको योगदान नगण्य छ। तर जलवायु परिवर्तनको मूल्य हाम्रा हिमाल, नदी र निर्दोष नागरिकले चुकाइरहेका छन्। हामीले नगरेको प्रदूषणको क्षतिपूर्ति र जलवायुजन्य विपत्तिबाट भएको हानि तथा क्षतिका लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न नेपालले सशक्त कूटनीतिक पहल गर्नुपर्छ।

संयुक्त राष्ट्रसङ्घको हानि तथा क्षति कोषबाट अनुदान सहयोग भित्र्याउने, जलवायु वित्तमा नेपालको पहुँच बढाउने र विश्वव्यापी शून्य-कार्बन अभियानमा सक्रिय सहभागिता जनाउने कामलाई प्राथमिकता दिनुपर्छ। जलवायु न्यायका लागि स्थानीयदेखि अन्तर्राष्ट्रिय मञ्चसम्म नेपालको आवाज अझ सशक्त हुनुपर्छ।

यस प्रलयले हाम्रो विगतको विकास संरचना ध्वस्त पारेको भए पनि हाम्रो हिम्मत, चेतना र अठोट ढलेको छैन। इतिहास साक्षी छ–मानव सभ्यता विपत्तिबाट पाठ सिकेर नै अझ बलियो र परिष्कृत हुँदै आएको छ।

आजको महासङ्कटमा राजनीतिक मतभेद, व्यक्तिगत स्वार्थ र दलीय विभाजनभन्दा माथि उठेर सङ्घ, प्रदेश र स्थानीय सरकार, गैरसरकारी संस्था, विकास साझेदार, अन्तर्राष्ट्रिय समुदाय र आम नागरिकको एकीकृत सहभागिता आवश्यक छ।

भोटेकोसी र त्रिशूलीको काखमा हुर्किएको यो गौरवशाली सभ्यता बगरमा पुगे पनि अन्त्य भएको छैन। हामीले शोकलाई शक्तिमा र बगरलाई नयाँ सभ्यताको आधारमा बदल्न सक्नुपर्छ।

# सुशासनका उपभोक्ता होइन, सह-सर्जक बनौँ !



हामी सबै नेपालीजनले बारम्बार गर्ने गुनासाहरू लगभग एउटै छन्–"देशमा धेरै राजनीतिक परिवर्तन भए, तर देश बनेन! देशमा भ्रष्टाचार र अनियमितता व्याप्त भयो ! सुशासन, पारदर्शिता र जवाफदेहिताको विकास भएन ! न्याय र नैतिकता हराउँदै गयो !"

तर नागरिकका हैसियतले, यो सबै परिस्थिति सिर्जना हुनुमा के हामीले हाम्रो भागको भूमिका, दोष र उत्तरदायित्वको मूल्याङ्कन गर्ने प्रयास गर्यौं त ? हामीले सुशासन, पारदर्शिता र जवाफदेहिताको निर्माणमा कुनै योगदान गर्यौं त ? सामाजिक न्याय र सदाचारका लागि हामीले के-कति प्रयास गर्यौं? वा हाम्रो असली भूमिका र प्रभाव के रह्यो ?

के चुनावमा भोट दिनु, आफ्नो दैनिकी वा रोजीरोटी इमानका साथ पूरा गर्नुले मात्र देशप्रतिको हाम्रो नागरिक दायित्व पूरा हुन्छ त ? हो, इमानदार भई आफ्नो निश्चित कर्तव्य र दायित्व पूरा गर्नु एक असल व्यक्तित्वको एकदमै महत्त्वपूर्ण तर आधारभूत गुण हो। समाजमा यस्ता व्यक्ति र व्यक्तित्वहरूको हिस्सा शतप्रतिशतको नजिक पुग्न थाल्यो भने मात्र सदाचारी र नैतिक समाज एवं राष्ट्रको निर्माण हुन्छ। तर हाम्रो परिस्थिति भिन्न छ।

एक त समाजमा यस्ता व्यक्ति र व्यक्तित्वहरूको हिस्सेदारी न्यून र प्रभावहीन अवस्थामा छ । अर्कोतर्फ, इमानदार व्यक्तित्वहरूको हिस्सेदारी उल्लेख्य भएका सामाजिक स्वरूपहरूमा समेत भ्रष्ट एवं व्यक्तिगत स्वार्थकेन्द्रित व्यक्तित्वहरूको प्रभाव र दबदबा कायम छ। नीति, नियम, कानुन र न्याय संयन्त्रहरू कि त भ्रष्टहरूको सहयोगीसिद्ध छन्, नत्र प्रभावहीन र प्रयोगहीन छन् अथवा जनसर्वसाधारणहरूको पहुँच र सुझबुझबाहिर छन्।

यस्तो परिस्थितिमा देश र समाजले एक असल नागरिकबाट असल व्यक्तित्व र व्यक्तिगत अनुशासनभन्दा माथिल्लो भूमिका र कर्तव्यको माग गर्दछ। हुन त, कानुनी रूपमै पनि नेपालको संविधान (२०७२) ले मौलिक हकहरूका अलावा धारा ४८ मा नेपाली नागरिकले पूरा गर्नुपर्ने कर्तव्यहरू किटान नै गरेको छ। तर हाम्रो वास्तविक धरातल टिठलाग्दो छ।

हामी, हाम्रो समाजमा भएका अन्याय, विभेद र भेदभावविरुद्ध चुइँक्क बोल्दैनौँ। सार्वजनिक सम्पत्तिको दुरुपयोग र दोहन हाम्रा लागि चासो र चिन्ताको विषय बन्दैन। आफू सेवाग्राही भएर जाने वा आफू कार्यरत सरकारी/सार्वजनिक कार्यालयमा भए गरेका अनियमितता र भ्रष्ट आचारहरुमा हामी मुकदर्शक बन्छौँ, सके हिस्सेदार बन्छौँ, नसके मौन समर्थक। सरसर्ती हेर्दा यस्तो लाग्छ, हाम्रो समाज भ्रष्टाचारी र मौका नपाएर सदाचारी देखिने मान्छेहरु मिलेर बनेको छ। किनकि हाम्रो सोचमा, हाम्रो व्यक्तिगत सम्पत्ति लुटिएको छैन, हामीमाथि प्रत्यक्ष विभेद भएको छैन। हामी यो भुल्छौँ–अन्याय र भ्रष्टाचारको, अत्याचारी र भ्रष्टाचारीको सीमा हुँदैन। आज एउटालाई खाने बाघले भोलि अरूलाई पनि खान्छ, सिङ्गो समाजलाई निल्छ। अहिलेसम्म हाम्रो समाज र देशमा भइरहेको नै यही हो।

हामी बारम्बार व्यवस्था बदल्छौँ, तर हाम्रो अवस्था कत्ति बदलिँदैन। अनि हुन्छ एउटा महानायकको खोजी, एउटा युगपुरुषको खोजी! सायद, हामी महानायक पनि भेटाउँछौँ, विभिन्न कालखण्डमा विभिन्न व्यक्ति र स्वरूपमा। अनि सबै पृष्ठभूमि र कथाव्यथाहरु चटक्कै बिर्सेर सबैथोकको जिम्मा उसैलाई लगाउँछौँ।

छिटै हाम्रा महानायकहरू बदलिन्छन्, तर हामीलाई अनागरिक बनाउने हाम्रा ती जडसूत्रवादी सोच र व्यवहार बदलिँदैन। त्यसैले फेरि पनि, कहिल्यै पनि हाम्रो अवस्था बदलिँदैन । संवैधानिक रूपमै हक, अधिकार र कर्तव्य प्राप्त सार्वभौम नागरिक भैकन पनि लाचार र निर्धो महसुस गर्ने हाम्रो मानसिकता हाम्रो अपरिवर्तित अवस्थाको मुख्य कारक हो।

हामीले आफ्नो नागरिक दायित्व र कर्तव्य पूरा नगरी, कुनै एउटा महानायक आएर उसले एक्लै देश बनाइदेला भन्ने अपेक्षा राख्नु हास्यास्पद मात्र होइन, लाचारी र निर्लज्जताको पराकाष्ठा पनि हो। आफ्नो आँखा अगाडिका बेथिति, अनियमितता र भ्रष्टाचारको मुकदर्शक बनेर सदाचारी, सुशासनयुक्त र भ्रष्टाचारमुक्त समाज र देशको आशा गर्नु, मृगतृष्णा हो, दिवासपना हो, त्योभन्दा बेसी बेइमानी हो।

अनियमितता, भ्रष्टाचार र अपारदर्शितामा अक्सर कार्यालय र समाजका उच्च तहका व्यक्तिहरू संलग्न हुन्छन्, यस्ता दुष्कर्महरू सुसंगठित हुन्छन् । त्यसैले, अनियमितता र भ्रष्टाचारको विरोध गर्दा कार्यालय र समाजविरुद्ध लागेको भाष्य स्थापित गर्ने प्रयास गरिन्छ। विद्रोही र अराजकको बिल्ला भिराउने प्रयास हुन्छ।

तर अराजकता भ्रष्टाचारको विरोध गर्नु होइन; ऐन, नियम, प्राकृतिक न्याय र विधि-प्रक्रिया मिचेर अनियमितता र भ्रष्टाचार गर्नु हो । भ्रष्टाचारी र विभेदकारीहरू राष्ट्रघाती हुन्। सुशासन, न्याय, पारदर्शिता र जवाफदेहिताका लागि आवाज उठाउनु अराजकता र अनुशासनहीनता होइन, राष्ट्रहित र देशभक्तिको काम हो।

त्यसैले, सुशासन चाहिन्छ भने सुशासनका उपभोक्ता मात्र बन्ने सपना नदेखौँ, सुशासनका सह-सर्जक बन्ने हिम्मत राखौँ । आफ्नो वरिपरि भए गरेका, हुँदै गरेका वा आफूले देखेका-सुनेका बेथिति, विसङ्गति, अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापका विरुद्ध आवाज बुलन्द गरौँ।

आक्रोशलाई न्यायोचित कानुनी हतियारमा बदलौँ । प्रचलित ऐन, कानुन र नीति-नियमले सुनिश्चित गरेका संयन्त्र र उपकरणहरूको सदुपयोग गरौँ । चिया गफहरूमा मात्र गुनासो गर्ने होइन, सार्वजनिक कार्यालय र व्यक्तिहरूमा पारदर्शिता र जवाफदेहिता खोजौँ। सूचनाको हक, समानताको हक र न्यायको हक जस्ता कानुनी उपकरणहरू प्रयोग गरौँ। न्याय सबैलाई चाहिन्छ, तर अन्यायविरुद्ध बोल्ने र लड्ने साहस पनि गरौँ।

समय र परिस्थितिले फेरि एकपटक व्यक्तिगत रूपमा हाम्रो सोच र सामाजिक रूपमा राज्यका कार्यालय र अड्डा-अखडाहरूमा जरो गाडेर बसेको अनियमितता, बेथिति र भ्रष्टाचारविरुद्ध लड्न हामीले खोजेजस्तै राजनीतिक नेतृत्व दिएको छ। सुशासन, न्याय, पारदर्शिता र जवाफदेहिताको पक्षमा राजनीतिक तथा सामाजिक हस्तक्षेपका नयाँ सम्भावनाहरू सिर्जना भएका छन्।

त्यसैले, यसपटक कम्तीमा देशमा सुशासन र न्याय चाहिन्छ भन्नेहरू सहयोद्धा र सह-सर्जक बन्ने प्रयास गरौँ । आचार, विचार व्यवहारमा सदाचार अवलम्बन गरौँ। अन्यथा, सुशासन र समृद्धिको हाम्रो सपना फेरि एकपटक व्यवस्था परिवर्तनसँग जोडिँदै अर्को रनभुल्ल र दुष्चक्रमा फस्नेछ।

जय चन्द्रसूर्य !

(लेखक कानुन तथा राजनीतीशास्त्रका विद्यार्थी एवं पेशाले स्वास्थ्यकर्मी हुन्।)

# आस्थममा २० औं ब्याचलाई स्वागत र १८औं ब्याचलाई विदाई



बुटवल । बुटवलकै पुरानो एशियन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (आस्थम) बुटवलमा नयां भर्ना भएका २०औं ब्याचका विद्यार्थीको स्वागत र १८औं ब्याचका विद्यार्थीहरुलाई बिदाई गरिएको छ।

विद्यार्थीहरुको स्वागत तथा विदाई कार्यक्रममा बोल्दै होटेल एशोसिएसन नेपाल (हान) लुम्बिनी प्रदेश महासचिव टेकनाथ बस्यालले नेपालमा हस्पिटालिटी क्षेत्रमा राम्रो संभावना रहेकाले यहीं बसेर धेरै काम गर्न सकिने बताए। बुद्ध जन्मस्थल लुम्बिनीलाई आध्यात्मिक पर्यटनको केन्द्र बनाउन सकिने भन्दै बस्यालले आगामी पांच वर्षभित्र लुम्बिनी प्रदेशमा पांचतारे होटलको संख्या एक दर्जन पुग्ने र त्यसबाट सयौंजनाले रोजगारी पाउने बताए। उत्कृष्ट व्यवस्थापन र विद्यार्थीमैत्री वातावरणका कारण आस्थम लुम्बिनी प्रदेशकै उत्कृष्ट होटेल म्यानेजमेन्ट तालिम केन्द्र बनेको जनाए।

कार्यक्रममा आस्थम बुटवलका प्रबन्ध निर्देशक जि.एस. गुरुङ्गले बोल्दै होटल व्यवस्थापनको तालिम आफैमा सीपमूलक र व्यवहारिक तालिम भएकाले तालिम लिएपछि कोही पनि बेरोजगार हुन नपर्ने बताए।

आस्थम बुटवलको पहिलो दर्ता भएको होटल म्यानेजमेन्ट अध्यापन गराउने शैक्षिक संस्था भएको जानकारी दिंदै गुरुङले हालसम्म १० हजारभन्दा बढी विद्यार्थीले विभिन्न अवधिका तालिम पुरा गरेको बताए।

२०६० सालमा स्थापना भएको आस्थमले १५ महिने र ६ महिने गरी एड्भान्स लेवलको होटल म्यानेजमेन्टको तालिम प्रदान गर्दै आएको प्रबन्ध निर्देशक गुरुङ्गले जानकारी दिए। कार्यक्रम आयोजक १९ औं ब्याचका विद्यार्थी सुवोध शाही ठकुरीको अध्यक्षता तथा बदमदेव हरिजन र शर्मिला गुरुङको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्य प्रस्तुत गरेका थिए।

सो अवसरमा मिस्टर एण्ड मिस फ्रेसर ट्यालेन्ट शो प्रतियोगिता पनि भएको थियो । जसमा मिस फ्रेसरमा पूर्णिमा गुरुङ र मिस्टर फ्रेसरमा सौगात लिम्बु विजेता बनेका संस्थाका कार्यक्रम संयोजक मिलन रानाले जानकारी दिए।

# पाल्पा पालुङ्ग मैनादी-रूपन्देही सम्पर्क समाजको साधारणसभा



बुटवल । पाल्पा पालुङ्ग मैनादी-रुपन्देही सम्पर्क समाजको दोस्रो साधारणसभा तथा आउँदै गरेको विजया दशमी - २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम शनिबार बुटवलमा सम्पन्न भएको छ।

समाजका अध्यक्ष पदम नेपाल (सन्तोष) को अध्यक्षतामा भएको कार्यक्रममा पाल्पा क्षेत्र नं. २ का सांसद तथा प्रतिनिधि सभा सदस्य डा. माधव थापाको प्रमुख आतिथ्यता रहेको थियो।

सांसद डा. थापाले बोल्दै सम्पर्क समाजले सबैलाई एकजुट बनाउँदै दुःख र सुखमा साथ र सहयोग गर्दै आएको बताए। उनले गाउँबाट शहरमा बसाईसराई गर्दा गाउँलाई भुल्न नहुँने किसिमले सम्पर्क समाजले रचनात्मक कार्य गरेकोमा प्रशंसा गर्दै जनप्रतिनिधिको हिसाबले आफूले पनि गाउँको विकास र सम्पर्क समाजको हितमा रहेर काम गर्ने बताए।

कार्यक्रममा अध्यक्ष पदम नेपाल (सन्तोष) ले अध्यक्षको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष कमल प्रसाद आचार्यले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक हरिबहादुर नेपालले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ।

कार्यक्रममा समाजका सल्लाहकारहरु कृष्णबहादुर कुँवर, ध्रुव कुँवर, रणबहादुर कुँवर, समाजसेवी मधुकला कुँवर, पाल्पाली समाजका अध्यक्ष अधिवक्ता पदम कार्की, पाल्पा ठिमुरे-रुपन्देही सम्पर्क समाजका अध्यक्ष समुन्द्र जिसी, पाल्पा फेक-रुपन्देही सम्पर्क समाजका अध्यक्ष हरि कार्की, पाल्पा ख्याहा-रुपन्देही सम्पर्क समाजका अध्यक्ष नारायण पहराई, कृष्ण जिसीलगायतले बोल्दै सम्पर्क समाजले स्थापना भएको छोटा समयमा सबैलाई गोलबद्ध गर्दै रचनात्मक कार्य गरेको बताए।

समाजका वरिष्ठ उपाध्यक्ष मिन प्रसाद नेपाल (बिमल) को स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन सचिव शंकर बिकेले गरेका थिए।

# सहकारीमा आर्थिक पारदर्शिता मुख्य प्राथमिकता हुनुपर्छ : अधिकारी

देवदह। रुपन्देहीको देवदहमा रहेको कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २१औं वार्षिक साधारणसभामा आर्थिक पारदर्शिता, सुशासन र सदस्यप्रतिको जवाफदेहितालाई मुख्य प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ। सहकारीका सदस्यले आफ्नो बचतको सुरक्षा, संस्थाको वित्तीय अवस्था तथा सञ्चालक समितिको कार्यसम्पादनबारे नियमित जानकारी राख्दै खबरदारी गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

साधारणसभाको मूल समारोहमा प्रमुख वक्ताका रूपमा बोल्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) का पूर्ववरिष्ठ उपाध्यक्ष तथा प्रवक्ता प्रशिक्षक दामोदर अधिकारीले सहकारीका सदस्य संस्थाका मालिकसमेत भएकाले संस्थाको गतिविधिबारे जानकार रहनुपर्ने बताए।

उनले बढी ब्याज दिने प्रलोभनमा परेर मात्र सहकारीमा बचत गर्न नहुने उल्लेख गर्दै संस्थाको विश्वसनीयता र वास्तविक वित्तीय अवस्था बुझ्रेर निर्णय लिन आग्रह गरे। ब्याजको प्रलोभनमा पर्दा धेरै नेपालीले आफ्नो बचत गुमाउनुपरेको प्रसङ्ग उल्लेख गर्दै उनले बचत गर्नुअघि संस्थाको आर्थिक अवस्था र विश्वसनीयताबारे अध्ययन गर्नुपर्ने बताए।

अधिकारीले सहकारीको सञ्चालक समितिमा स्थानीय व्यक्तिको सहभागिता, समितिको संरचना, नियमित साधारणसभा, लेखापरीक्षण तथा वित्तीय पारदर्शिताको अवस्थाबारे सदस्यले जानकारी राख्नुपर्ने जनाए। संस्थाले वित्तीय मापदण्ड र आवश्यक सूचक पूरा गरेको छ कि छैन, जगेडा कोषको अवस्था कस्तो छ तथा निर्धारित मापदण्ड पालना गरिएको छ कि छैन भन्ने विषयमा समेत सदस्यले चासो दिनुपर्ने उनको भनाइ थियो।

सहकारी शिक्षा हासिल गर्नुका साथै सदस्यले दिएका सुझाव कार्यान्वयन भए-नभएको विषयमा निगरानी गर्नुपर्ने उल्लेख गर्दै अधिकारीले साधारणसभा, विस्तारित मञ्च र अन्तरक्रियामा सक्रिय सहभागिता जनाउन आग्रह गरे। सदस्यको सहभागिता, नियमित खबरदारी र संस्थाका गतिविधिबारे प्रश्न गर्ने संस्कारले सहकारीलाई पारदर्शी, जिम्मेवार र जवाफदेही बनाउन सहयोग पुग्ने उनले बताए। नियमित बचत गर्ने बानीलाई निरन्तरता दिनुपर्नेमा समेत उनले जोड दिए।

**२ अर्ब २ करोडभन्दा बढी कुल सम्पत्ति**

साधारणसभामा प्रस्तुत आर्थिक विवरणअनुसार कोलिय देवदह सहकारीको कुल सम्पत्ति २ अर्ब २ करोड ७५ लाख ३९ हजार १६४ रुपैयाँ रहेको छ। संस्थाको शेयर पुँजी ७ करोड ७५ लाख ३२ हजार ७०० रुपैयाँ र संस्थागत पुँजी १३ करोड १६ लाख ११ हजार २०५ रुपैयाँ रहेको जानकारी गराइएको थियो। त्यस्तै, बचत निक्षेप १ अर्ब७५ करोड ३२ हजार ४०९ रुपैयाँ, ऋण लगानी १ अर्ब ३८ करोड ४ लाख ८३ हजार १३१ रुपैयाँ, कुल आम्दानी १४ करोड ३१ लाख १५ हजार ९९० रुपैयाँ र खुद बचत २ करोड ४२ लाख ४७ हजार ९०२ रुपैयाँ रहेको विवरण प्रस्तुत गरिएको थियो।

साधारणसभामा अध्यक्ष ऋषिराम सापकोटाले अध्यक्षको प्रतिवेदन, सचिव कृष्णप्रसाद पौडेलले सचिवको प्रतिवेदन र कोषाध्यक्ष हरि भण्डारीले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। सभाले प्रस्तुत प्रतिवेदनहरू पारित गरेको थियो। कार्यक्रममा जिल्ला सहकारी संघ रुपन्देहीका कोषाध्यक्ष शुभकान्त न्यौपाने, संस्थापक अध्यक्ष कृष्णप्रसाद पौडेल, देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रे, विष्णुप्रसाद पौडेल, मित्रलाल न्यौपाने, भीमप्रसाद गुरुङलगायतको उपस्थिति थियो। कार्यक्रममा संस्थाका सञ्चालक समिति, कर्मचारी तथा शेयर सदस्यहरूको सहभागिता रहेको थियो।

संस्थाको वार्षिक साधारणसभाको अवसरमा आयोजित निःशुल्क मधुमेह तथा दन्त परीक्षण शिविरबाट २५० भन्दा बढीले स्वास्थ्य परीक्षण सेवा लिएका छन्।

लायन्स क्लब अफ देवदह प्रोफेशनल युथको आयोजनामा, कोलिय देवदह बचत तथा ऋण सहकारी संस्थाको सहयोग तथा साधना पोलिक्लिनिक, विजय डेन्टल होम र केरवानी मेडिकल हलको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो।

शिविरमा सहकारीका शेयर सदस्यहरूलाई लक्षित गरी निःशुल्क मधुमेह तथा दन्त परीक्षण सेवा प्रदान गरिएको थियो। साधारणसभाको अवसरमा आयोजित शिविरले शेयर सदस्यहरूलाई आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी लिन तथा स्वास्थ्यप्रति सचेत रहन सहयोग पुऱ्याएको संस्थाका व्यवस्थापक विनोद पराजुलीले जानकारी दिए।

# तिलोत्तमा उद्योग वाणिज्य संघका सदस्यलाई केबलकारको टिकटमा छुट



तिलोत्तमा । तिलोत्तमा उद्योग वाणिज्य संघका कार्यसमिति, साधारण सदस्य र कर्मचारीले लुम्बिनी केबलकारको टिकटमा छुट पाउने भएका छन्।

संघको कार्यालयमा शुक्रबार एक कार्यक्रमबिच छुटसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । संघका अध्यक्ष ज्ञानेन्द्र कार्की र केबलकारका अधिकृत राजन लम्सालले सम्झौतापत्रमा हस्ताक्षर गरी आदान प्रदान गरेका छन् । सम्झौता अनुसार संघका कार्यसमिति, साधारण सदस्य र कर्मचारीले ५ सय रुपैयाँमा केबलकारको दुईतर्फी यात्रा गर्न पाउने छन्। साथै दुई संस्थाबिच एक आपसमा व्यवसाय प्रवर्धनमा पनि सहकार्य हुने. छ।

केबलकारमा छुट पाउन संघका सदस्यहरुले संघको अद्यावधिक परिचयपत्र टिकट काउन्टरमा देखाउनुपर्ने सम्झौतामा उल्लेख छ।

सो अवसरमा बोल्दै संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले लुम्बिनी केबलकार रुपन्देहीको पर्यटन विकासको साझा सम्पति भएको र जिल्लाकमे पर्यटन विकासमा महत्वपूर्ण योगदान दिएको भन्दै यहाँ पर्यटक भित्राउन संघले सबै प्रकारका सहयोग गर्ने प्रतिबद्धता जनाए।

केबलकारसँगको सम्झौताले संघमा आबद्ध उद्योगी व्यवसायीलाई केवलकार यात्रामा सहुलियत र सहज हुने तथा संस्थागत सम्बन्ध विस्तार भएको उनले बताए । अध्यक्ष कार्कीले संघको बैठक केबलकारको माथिल्लो स्टेशन बसन्तपुरमा आयोजना गरेर सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन्।

केवलकारका अधिकृत राजन लम्सालले लुम्बिनी केबलकार लुम्बिनी प्रदेशको पहिलो र नेपालको दोस्रो लामो केबलकार भएको जानकारी गराए । सो अवसरमा संघका पदाधिकारी र कार्यसमिति सदस्यहरुको पनि उपस्थिति रहेको थियो।


## मदाने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## शिक्षक आवश्यकता सम्बन्धी सूचना।

तेश्रो पटक प्रकाशित मितिः २०८३/०६/२३

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत श्री पृथ्वी रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणीको विज्ञान विषयको स्वीकृत दरवन्दीमा सरुवा लागि गरिएको विज्ञापनमा कुनै पनि दरखास्त दिने उम्मेद्वार परीक्षा दिन नआएकोले उक्त पदमा (करार) मा नियुक्त गर्न तपसिल अनुसार योग्यता भएका नेपाली नागरिकहरुबाट दरखस्त पेश गर्नुहुन अनुरोध छ।

**तपसिल**

| क्र. स. | विज्ञापन नं. | पद / तह | विषय | माग पद संख्या | प्रकार/किसिम | परीक्षा दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०५/२०८३/०८४ | माध्यमिक तह | विज्ञान | १ (एक) | करार | १०००/- (एक हजार) | |

आवश्यक शैक्षिक योग्यता तथा कागजातहरुः-
१. मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
२. नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमति पत्रको प्रतिलिपी र व्यक्तिगत निवेदन।
३. उमेरः- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
४. परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकताको आधारमा प्रयोगात्मक।
५. तलब स्केलः- नेपाल सरकारले तोकेअनुसार।
६. दरखास्त दिने अन्तिम मितिः २०८३/०७/०६ गते सम्म।
७. परीक्षा मितिः- पछि सूचना प्रकाशन गरिनेछ।
८. आवेदन फाराम पाइने र बुझाउने स्थानः- मदाने गाउँपालिकाको कार्यालय।
९. शिक्षक सेवा आयोगको करार सूचीमा भएको उम्मेदवार आएमा नियुक्तीको लागि पहिलो प्राथमिकता दिइनेछ।
१०.विस्तृत जानकारिको लागि सम्पर्क नं. ९८४४७३२६०६

**प्रमुख प्रशासकीय अधिकृत**



## मदाने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## स्वास्थ्य सेवातर्फ चौथो तहका पदमा करार सेवामा पदपूर्ति सम्बन्धी सूचना।

(दोश्रो पटक प्रकाशित मितिः०८३/०६/२३

यस मदाने गाउँपालिकाको स्वीकृत दरबन्दीमा देहायबमोजिमका स्वास्थ्य सेवातर्फका पदहरू रिक्त रहेको हुँदा योग्य नेपाली नागरिकहरूबाट खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेद्ववारहरूले तोकिएको म्यादभित्र यस कार्यालयमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०३/८३/०८४ | अ.न.मी | चौथो | स्वास्थ्य सेवा नर्सिङ समूह | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मी. (Auxiliary Nurse Midwife) सम्बन्धी तोकिएको प्राविधिक शैक्षिक योग्यता उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भएको हुनुपर्नेछ। |

१: उमेर . प्रचलित कानुनबमोजिम हुनेछ।
२: दरखास्त दस्तुर रु ७००।-
३: दरखास्त दिने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र।
४. दरखास्त दिने स्थानः मदाने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पुर्कोटदह, गुल्मी।
५: आवश्यक कागजातहरू . नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्क पत्र,सम्वन्धित परिषद निकायमा दर्ता प्रमाण पत्र / अनुभव भए अनुभवको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो तथा अन्य आवश्यक कागजातहरू।
६: छनोट विधि/परीक्षा लिखित तथा अन्तर्वार्ता हुनेछ।
७ . परीक्षा मिति,समय र स्थानः पछि प्रकाशित गरिने सूचनाबाट जानकारी गराइनेछ।
८. अन्यः तोकिएको न्यूनतम योग्यता नपुगेका, म्याद नाघी प्राप्त भएका वा आवश्यक कागजात नपुगेका दरखास्तहरू स्वीकृत गरिने छैनन्। यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानुनबमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



यातायात पूर्वाधार निर्देशनालय, बुटवल प्रस्तावक माडी खोला मोटरेवल (८४.७ मि.) पुल निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको

## सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०६/२५

लुम्बिनी प्रदेश, प्यूठान जिल्ला सुरुमारानी गाउँपालिका वडा नं. ३ र ऐरावती गाउँपालिका वडा नं. ३ सिमानामा पर्ने माडी खोलाको नौघाटमा लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, बुटवल द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्तावित पुल PSC T-Girder प्रकारको ८४.७ मि. लामो र दुईवटा स्पानको हुने छ। प्रस्तावित पुल ११ मि. चौडाईको हुनेछ। प्रस्तावित पुलको गाडी मार्ग (Carriage way width) ७.५ मि. को हुनेछ र दुवै तर्फ १.७५ मि.को फुटपाथ हुनेछ। |
| प्रभाव पर्न सक्ने न.पा. तथा वडा | प्यूठान जिल्ला, सुरुमारानी गाउँपालिका वडा नं ३ ( दायाँ) र ऐरावती गाउँपालिका वडा नं. ३(बायाँ) |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकः यातायात पूर्वाधार निर्देशनालय, बुटवल ठेगानाः बुटवल,रुपन्देही, लुम्बिनी प्रदेश सम्पर्क नम्बरः ०७१-४५०११६, इमेलः info.tid@lumbini.gov.np |
| निर्माण व्यवसायी | नामः ADVENTURE–DHANTHAN JV ठेगानाः भरतपुर, चितवन सम्पर्क नम्बरः ९८५५०५५९६६ ईमेलः hanthanconstruction@gmail.com |



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# एमाले केन्द्रीय सदस्यमा अर्याल र केसी मनोनीत





बुटवल । नेकपा एमालेको केन्द्रीय सदस्यमा बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रा अर्याल र रुपन्देहीका निवर्तमान जिल्ला अध्यक्ष तेजेन्द्र केसी मनोनीत भएका छन् ।

नेकपा एमालेले १३ जनालाई केन्द्रीय सदस्यमा मनोनयन गरेको छ । शनिबार पार्टी केन्द्रीय कार्यालयमा बसेको स्थायी कमिटी बैठकले १३ जनालाई केन्द्रीय सदस्यमा मनोनयन गर्ने निर्णय गरेको पार्टी सचिव महेश बस्नेतले जानकारी दिएका छन् ।

मनोनीत हुनेमा बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख अर्याल र रुपन्देहीका निवर्तमान जिल्ला अध्यक्ष केसीसहित मीनप्रसाद गुरुङ, सिर्जना राई, पुष्पा केसी भण्डारी, इन्दु कडरिया, सीता पंगेनी, सीता अधिकारी, धर्मनाथप्रसाद साह, तेजमान कन्दङ्वा, टंक आङबुहाङ, नवीन रोका मगर र डबल पाण्डे रहेका छन् । एमालेको केन्द्रीय सदस्यमा मनोनीत अर्याल बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख हुन् भने केसी रुपन्देहीका निवर्तमान जिल्ला अध्यक्ष हुन् ।

# रूपन्देहीमा पर्व लक्षित १२ सय बढी प्रहरी परिचालित

**मोहम्मद हबिब**

*भैरहवा*

नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं विविध सांस्कृतिक पहिचान बोकेको रुपन्देही जिल्लामा नजिकिँदै गरेका ठूला चाडपर्वहरू विजयादशमी, तिहार तथा छठ पर्वलाई सभ्य, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्ला प्रहरी कार्यालय रुपन्देहीले चाडपर्व लक्षित सुरक्षा योजना तयार गरी लागू गरेको छ । खुला सीमाना जोडिएको रुपन्देही धार्मिक, सांस्कृतिक, व्यापारिक, औद्योगिक तथा पर्यटकीय दृष्टिले अत्यन्त संवेदनशील जिल्ला हो ।

चाडपर्वको समयमा रोजगारी, अध्ययन तथा अन्य कामको सिलसिलामा बाहिर रहेका नागरिकहरू घर फर्किने, आफन्त भेटघाट गर्ने, धार्मिक तथा पर्यटन स्थलमा जाने क्रम तीव्र हुने गर्दछ । यसले गर्दा सडकमा सवारी साधनको अत्यधिक चाप, बसपार्क, बजार, वित्तीय संस्था तथा सीमा नाकाहरूमा जनचाप र आर्थिक गतिविधि ह्वात्तै बढ्ने गर्छ। यसै अवसरको फाइदा उठाई हुनसक्ने चोरी, लुटपाट, पाकेटमारी, ठगी, भै-झगडा, कुटपिट, सवारी दुर्घटना, अव्यवस्थित पार्किङ, ट्राफिक जाम, अवैध मदिरा कारोबार, लागूऔषधको ओसारपसार, तस्करी, भन्सार छली, मानव बेचबिखन, जुवातास, डिजे (साउण्ड सिस्टम) मार्फत अतिवादी गीत बजाएर साम्प्रदायिक सद्भाव बिगार्ने प्रयास तथा सामाजिक सञ्जालबाट फैलिन सक्ने अफवाहजस्ता आपराधिक तथा उच्छृंखल गतिविधिलाई पूर्वानुमान गरी नियन्त्रण गर्न प्रहरीले यो विस्तृत कार्ययोजना तयार पारेको हो ।

चाडपर्व अवधिभर रुपन्देहीको सुरक्षा व्यवस्थालाई भरपर्दो र चुस्त बनाउन कुल १,२१५ जना प्रहरी जनशक्ति ड्युटीमा खटाइएको छ । जिल्लामा कार्यरत १ हजार १सय ६५ प्रहरी र अपुग ५० जना जनशक्ति तालुक कार्यालयबाट माग गरी व्यवस्थापन गरिएको छ ।

सुरक्षा व्यवस्थाको नेतृत्व, अनुगमन र आकस्मिक परिचालनका लागि विभिन्न टोलीहरू गठन गरिएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा प्रहरी उपरीक्षकको कमाण्डमा ७ जनाको कमाण्ड पोष्ट स्थापना गरिएको छ ।

प्रहरी परिचालन तथा अनुगमनका लागि भैरहवा बजार, बेलहिया, धकधई, ओमसतिया, बेथरी, मर्चवार, मझगवा, लुम्बिनी, छपिया, सुर्यपुरा क्षेत्रमा जिप्रकाबाट प्रनाउको कमाण्डमा ७ जना र बुटवल उप-महानगर, मंगलापुर, रन्यौरा, सालझण्डी, रुद्रपुर, खैरेनी क्षेत्रमा इप्रका बुटवलबाट प्रनाउको कमाण्डमा ७ जना गरी कुल १४ जनाको टोली अनुगमनमा खटिनेछ । यस्तै, जिप्रका रुपन्देही बेसमा र इप्रका बुटवल बेसमा गरी कुल ४४ जनाको २ वटा रिजर्भ टोली आकस्मिक अवस्थाका लागि तयार राखिएको छ । साथै, जुनियर प्रहरी अधिकृतहरूको कमाण्डमा जिप्रका रुपन्देही, इप्रका बुटवल , वप्रका बुटवल, इप्रका लुम्बिनी, इप्रका मझगावा र इप्रका सालझण्डीमा गरी कुल ६ वटा क्युआरटी, स्ट्राईकिङ टोली चौबीसै घण्टा तयारी अवस्थामा रहेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी कृष्ण कुमार चन्दले जानकारी दिए ।

क्षेत्रगत सुरक्षा सुनिश्चित गर्न प्रहरीले गस्ती प्रणालीलाई बहुस्तरीय बनाएको छ । भैरहवा नगर, बुटवल उपमहानगर, सालझण्डी, छपिया, धकधई, सूर्यपुरा, रन्यौरा, लुम्बिनी, मर्चवार, बेथरी, मंगलापुर, रुद्रपुर, खैरेनी र मझगावाका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, महत्वपूर्ण प्रतिष्ठान र वडा एरियाहरूमा सिनियर/जुनियर प्रहरी अधिकृतको कमाण्डमा ११८ जना प्रहरीसहित १७ वटा चारपाङ्ग्रे मोबाइल गस्ती खटाइएको छ ।

सिद्धार्थनगर, बुटवल, पडसरी, हाटी फर्साटिकर, लुम्बिनी, सालझण्डी, बेलहिया, मर्चवार, छपिया, मझगवा, रुद्रपुर, रन्यौरा, सुर्यपुरा, बेथरी, मंगलापुर, धकधई, मेउडीहवा, जितगढी, शिवपुरगोनाह, रोहिनिहवा, चिलिया, खैरेनी, कालीदह, सुक्रौली आमा, सौ फर्साटिकर, मैनिहवा, सुमेरुगढ, श्रवणपथ, मयादपुर, दुवेथुमुवा, कदमहवा, गुलरिया, पिप्रहवा, ठर्की, पाण्डेपिप्रहवा, नयाँगाउँ, महुवारी, ड्राईभरटोल, देविनगर, अमरपथ, रमवापुर लगायतका ४६ वटा वडा तथा बजार क्षेत्रमा ९२ जना प्रहरी ४६ वटा मोटरसाइकल गस्तीमा रहनेछन्।

त्यसैगरी सिद्धार्थनगर, बुटवल, सालझण्डी, मुर्गिया, खैरेनी, छपिया, लुम्बिनी/पर्सा चौराह, धकधई, सुर्यपुरा, मणिग्राम, रुद्रपुर, मर्चवार, मझगावा, बेथरी र कोटिहवाका भित्री एरिया तथा अत्यधिक भीडभाड हुने स्थानहरूमा ११९ जना प्रहरी १७ पैदल गस्ती टोलीमा खटिनेछन् । बेलहिया, सिद्धार्थ बसपार्क, मेउडिहवा, खजहना, शान्तिनगर, देवकोटाचोक, बुद्धचोक, मिलनचोक, बनगाई, बेथरी, रमवापुर, पर्साचौराह, महिलावार, ठुटिपिपल, भलवारी, मंगलापुर, मणिग्राम, ड्राईभरटोल, योगिकुटी, राजमार्गचौराह, रामनगर, खैरेनी, अमरपथ, देविनगर, पारीबुटवल, श्रवणपथ, बुटवल बसपार्क, अस्पतालचोक, ट्राफिकचोक, गोलपार्क, हाटीफर्साटिकर, तामनगर, धकधई, मुर्गिया, बांसगढी, सालझण्डी, रुद्रपुर, सौ-फर्साटिकर, छपिया, लुम्बिनी, सुर्यपुरा, मर्चवार र मझगावा क्षेत्रका ४३ स्थानमा १७२ जना प्रहरी स्थिर पिकेटका रूपमा खटिनेछन् ।


## चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, भै-झगडा र हिंसाबाट टाढा रहीं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौ,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडी, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

अनुरोधक
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल



## गाउँवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं

ईश्वरी प्रसाद न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
होम प्रकाश चौधरी, अध्यक्ष
कमलेश शरण चौधरी, अध्यक्ष

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लवनी कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


## बुटवल उवासंघको अधिवेशन:

## उद्योगी-व्यवसायीका सारथी

## सुरज भट्टराई: वरिष्ठ उपाध्यक्षका उम्मेदवार



बुटवल । उद्योग तथा व्यवसाय क्षेत्रको विकास, व्यवसायीका समस्या समाधान र निजी क्षेत्रको सशक्त प्रतिनिधित्वका लागि व्यवसायी सुरज भट्टराई बुटवल उद्योग वाणिज्य संघको २६औं अधिवेशनमा वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवार बनेका छन् । व्यवसायिक क्षेत्रमा तीन दशकदेखि सक्रिय भट्टराई व्यवसायिका दैनिक समस्या, बजारको चुनौती र राज्यका नीति-नियमले निजी क्षेत्रमा पारिरहेको प्रभावलाई नजिकबाट बुझ्ने व्यवसायीका रूपमा परिचित छन् । व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्या समाधानका लागि केवल व्यक्तिगत पहल पर्याप्त नहुने भन्दै उनले संस्थागत नेतृत्वमार्फत् व्यवसायीको साझा आवाजलाई बलियो बनाउनुपर्ने धारणा राख्दै आएका छन् । भट्टराई नरिश्वर पौडेलको टिमबाट वरिष्ठ उपाध्यक्ष पदको उम्मेदवार हुन् ।

भट्टराईको उम्मेदवारी केवल पद प्राप्तिका लागि नभई उद्योगी-व्यवसायीको हकहित, सम्मान र व्यावसायिक वातावरण निर्माणका लागि हो । उनले व्यवसायीमैत्री नीति निर्माणका लागि सम्बन्धित सरकारी निकायसँग प्रभावकारी समन्वय, लगानीको वातावरण सुधार, स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धन र युवा पुस्तालाई उद्यमशीलतातर्फ आकर्षित गर्ने विषयलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । पछिल्लो समय आर्थिक गतिविधिमा आएको सुस्तता, बढ्दो प्रतिस्पर्धा, बजारको अनिश्चितता, कर तथा प्रशासनिक झन्झटलगायतका कारण व्यवसायीले विभिन्न चुनौती सामना गरिरहेका छन् ।

यस्तो अवस्थामा नेतृत्वले व्यवसायिका समस्या सुन्ने मात्र होइन, समाधानका लागि सम्बन्धित निकायसम्म प्रभावकारी ढंगले आवाज पुऱ्याउन सक्नुपर्ने भट्टराईको बुझाइ छ । उद्योगी-व्यवसायीबिच एकता, सहकार्य र पारदर्शी नेतृत्व आवश्यक रहेको बताउँदै भट्टराईले आफू निर्वाचित भएमा सबै व्यवसायीलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाएका छन् । साना, मझौला तथा ठुला व्यवसायीका फरकफरक समस्या पहिचान गरी समाधानका लागि संस्थागत पहल गर्ने उनको योजना छ । दुई कार्यकाल उद्योग वाणिज्य संघमा कार्यसमिति सदस्य र एक कार्यकाल उद्योग उपाध्यक्ष भएर काम गरेको अनुभव भट्टराईसँग छ । 'पदभन्दा ठुलो जिम्मेवारी हो, नेतृत्वभन्दा ठुलो व्यवसायीको विश्वास हो' भन्ने भावनाका साथ अघि बढेका भट्टराईले आगामी अधिवेशनलाई व्यवसायीको साझा भविष्य निर्माण गर्ने अवसरका रूपमा भट्टराईले आफ्नो उम्मेदवारीलाई लिएका छन् । व्यवसायीको समस्या बुझ्ने अनुभव, सहकार्यमा विश्वास र परिणाममुखी नेतृत्वको प्रतिबद्धतासहित सुरज वरिष्ठ उपाध्यक्ष पदका लागि व्यवसायीमाझ आफ्नो उम्मेदवारी रहने सुरजले बताए । अबको नेतृत्वले व्यवसायीको आवाजलाई अझ प्रभावकारी बनाउँदै निजी क्षेत्रको सम्मान र सम्भावनालाई नयाँ उचाइमा पुऱ्याउनुपर्ने उनको मुख्य एजेन्डा रहेको उनको भनाइ छ। उनी २०५३ देखि औषधीको ट्रेडिङतर्फ सनराइज मेडिसिन सप्लार्यसका प्रोपराइटर पनि हुन् । उनी विगत १३ वर्षदेखि औषधी उद्योगको क्षेत्रमा ग्रेस फार्मास्युटिकल्स प्रालिको सञ्चालकको रुपमा कार्यरत छन् ।

सँगै आयुर्वेदिक तथा एलोपेथिक गरी २ वटा उद्योगमा २५० जनालाई रोजगारी दिएका छन् । उनी क्रिमसन अस्पतालको फाउण्डर, क्रिमसन कलेजको सञ्चालक, औषधि व्यवसायी संघ, जिल्ला शाखा रुपन्देहीको संस्थापक अध्यक्ष, जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष, लायन्स क्लब अफ् सिद्धबाबा र रोटरी क्लब अफसहित विभिन्न संघ/संस्थामा जोडिएर सामाजिक क्षेत्रमा पनि काम गरेको लामो अनुभव छ ।

ADVT.






सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com